मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २७ ◆ अङ्क : १३० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ चैत १४ गते सोमबार (Monday, March 28. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

## बेच्न लगेको दुई हात्तीसहित तीन जना पक्राउ

**काठमाडौं, चैत १३।** नेपालबाट भारततर्फ बिक्री वितरणको लागि लैजाँदै गरेको दुई वटा हात्तीसहित ३ जनालाई पर्सा पकहामैनपुर गाउँपालिका-५ पोखरिया टोलबाट प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा चितवन भरतपुर महानगरपालिका-१८ जितपुर बस्ने ६० वर्षीय बुदिराम महतो, सोही ठाउँ बस्ने ४० वर्षीय राजु कुमाल र पर्सा पकहामैनपुर गाउँपालिका-५ सबैठवा बस्ने ३५ वर्षीय सफरोज आलम रहेका छन् ।

उक्त स्थानमा बिक्री वितरणको लागि हात्तीहरू लैजाँदै गरेको सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय पोखरिया पर्साबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक कारवाहीको लागि पर्सा राष्ट्रिय निकुञ्जमा बुझाउने कार्य भइरहेको छ ।

## करणी गर्ने परियार प्रहरी नियन्त्रणमा

**भक्तपुर, चैत १३।** १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा भक्तपुर नगरपालिका-६ डेकोचा बस्ने धादिङ जलामुखी गाउँपालिका-४ मैदी घर भएका २२ वर्षीय राज परियारलाई प्रहरीले पक्राउ गरेको छ ।

परियारले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## तास खेल्दाखेल्दै...

**झापा, चैत १३।** बिर्तामोड नगरपालिका-६ डेरा गरी बस्ने ३८ वर्षीय हंशबहादुर नेम्वाङको कोठामा तास खेलिरहेको अवस्थामा नेम्वाङसहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ ।

उनको कोठामा जुवातास खेलिरहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ४५ हजार रूपैयाँ, भारतीय २२ हजार ५ सय रूपैयाँ र ६ बुक तास सहित फेला पारी पक्राउ गरेको हो ।



उता बागलुङ नगरपालिका-३ मूलपानी बस्ने प्रकाश रेग्मीको घरमा जुवा खेलिरहेको अवस्थामा सोही नगरपालिका-३ बस्ने दिवशराज पन्त लगायत ८ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

रेग्मीको घरमा कौडा (जुवा) खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बागलुङबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख १ हजार रूपैयाँ र १६ थान कौडासहित फेला पारी पक्राउ गरेको हो ।

### कर्तव्य फाउण्डेशनले शुरु गऱ्यो

# हाम्रो पनि सुन्दर घर होस् अभियान

### मोहन-टीका पोखरेलले बनाइदिए अशक्त धर्मराज-राजकुमारीको घर





**झापा, चैत १३।** हरेक नागरिकको गाँस, वास र कपासको प्रत्याभूति संविधानले नै गरेको छ । तर, अझै पनि नेपालका कतिपय नागरिक घरवारविहीन छन् भने कतिपयको अवस्था दयनीय छ ।

झापामा मात्रै अझै पनि धेरै नागरिक घर नभएकै कारण कष्टपूर्ण जीवनयापन गरिरहेका छन् । स्थानीय तहका जनप्रतिनिधिको पहुँचमा पुगेकाहरुमध्ये केहीले घर पाएका छन् भने कतिपय नागरिक उनीहरुको पहुँचमा नपुग्दा घरबारविहीन नै छन् ।

अझ, चेतना र पुहुँच नभएकै कारण राज्यले उपलब्ध गराउने सेवासुविधा लिनबाट बञ्चित हुने गरेका थुप्रै उदाहरण हाम्रै समाजमा छ । त्यसमा पनि अशक्त, बृद्धबृद्धा, एकल, अल्पसंख्यक, सीमान्तकृत समुदायको अवस्था झनै दयनीय छ ।

त्यस्ता समुदायका मानिसलाई लक्षित गर्दै कर्तव्य फाउण्डेशनले 'हाम्रो पनि सुन्दर घर होस्' भन्ने अभियान शुभारम्भ गरेको छ । घर जीवनको सारथि र सुरक्षाका लागि पनि अत्यावश्यक हो भन्दै फाउण्डेशनले अभियान शुरु गरेको हो ।

लक्षित समुदायका नागरिकको आवश्यकता पूरा गर्न जीवनको सपना साकार पार्न र मुहारमा थोरै भए पनि खुशी ल्याउन कर्तव्य फाउण्डेशनले 'हाम्रो पनि सुन्दर घर होस्' भन्ने अभियान शुरु गरेको अभियानका संयोजक महेन्द्रकुमार गिरीले बताए । अभियान अन्तर्गत एक सक्षम र इच्छुक व्यक्ति, संस्था/प्रतिष्ठानबाट घर नहुने एक परिवारको घर निर्माण गरिने संयोजक गिरीले बताए । उनका अनुसार अतिविपन्न, अपाङ्गता भएका, बृद्धबृद्धा, एकल, अल्पसंख्यक, सीमान्तकृत समुदायका परिवारको घर निर्माणका लागि छनौट गरिने छ ।

घर हरेक मानिसको आधारभूत आवश्यकता र जीवनको मुख्य सपना हो- गिरी भन्छन्- तर, गरिबी र असशक्तताका कारण घर बनाउन नसक्ने परिवार हामी कहाँ धेरै छन् । अझै पनि धेरै मानिस विना घर कष्टपूर्ण जीवनयापन गर्न विवश छन् । उनीहरुलाई नै लक्षित गर्दै हामी यो अभियानमार्फत त्यस्ता मानिसको घर निर्माण गर्छौं ।

इच्छुक दाता/अभियानकर्मी तथा संस्था/प्रतिष्ठानले आफ्नै प्रत्यक्ष निगरानी र स्रोत परिचालनमा घर निर्माण गरिदिने फाउण्डेशनको अवधारणा रहेको संयोजक गिरीको भनाइ छ । कर्तव्य फाउण्डेशनले घर निर्माणका लागि कोहीबाट पनि नगद संकलन गर्दैन, यो कुनै दातृ निकायबाट प्राप्त अनुदान तथा परियोजना पनि होइन- गिरीले भने- कर्तव्य फाउण्डेशनले हरेक व्यक्ति, संस्था/प्रतिष्ठानको सामाजिक उत्तरदायित्वमा जोड दिन्छ । सामाजिक र मानवीय सेवा यसको बिशुद्ध उद्देश्य हो ।

आफ्नो कमाईको केही अंशबाट सामाजिक उत्तरदायित्व निर्वाह गर्न तथा मानवीय सेवामा समर्पण गर्न इच्छुक व्यक्ति, संस्था/प्रतिष्ठानलाई कर्तव्य फाउण्डेशनले अभियानमा जोड्ने र उद्देश्य प्राप्तिका लागि संयोजनकारी भूमिका निर्वाह गर्दछ ।

सबै सक्षम व्यक्ति, संस्था प्रतिष्ठानले हातेमालो गर्ने हो भने हरेक घरविहीनहरुले घर पाउनेछन्, उनीहरुको जीवनयापन सहज बन्ने छ अनि दिगो विकासको लक्ष्य हासिलसँगै समृद्ध नेपाल निर्माणमा टेवा पुग्ने संयोजक गिरीको बुझाइ छ ।

**पहिलो घर हस्तान्तरण**

अर्जुनधारा-५ नमूना बस्ती (फूलबारी) निवासी धर्मराज-राजकुमारी गिरी दम्पत्तिलाई अभियान अन्तर्गत पहिलो घर हस्तान्तरण गरिएको छ ।

श्रवणशक्ति नभएका धर्मराज र दुवै आँखाको ज्योति गुमाएकी राजकुमारीलाई पहिलो घर हस्तान्तरण गरिएको हो । बृद्ध अवस्थामा रहेका दुवै जनालाई अभियानको शुभारम्भसँगै घर हस्तान्तरण गरिएको हो ।

धर्मराज-राजकुमारीका लागि बिर्तामोड निवासी व्यवसायी तथा सामाजिक अभियन्ता मोहन पोखरेल-टीका पोखरेलले आफ्नै निगरानी र स्रोत परिचालनबाट पाँच लाख रुपैयाँको लागतमा यो घर निर्माण गरिएका थिए । घर निर्माणकर्ता अभियानकर्मी मोहन-टीका पोखरेलले नै धर्मराज-राजकुमारीलाई चावी हस्तान्तरण तथा रिवन काटेर घर प्रवेश गराएका छन् ।

अपाङ्गता भएका र बृद्धावस्थाका धर्मराज-राजकुमारीलाई घर निर्माणमा सहयोग पुऱ्याउने पोखरेलले सामाजिक भावनाले प्रेरित भई आफूहरुले उनीहरुको घर निर्माण गरिदिएको बताएका छन् । दाता पोखरेलले आफ्नो बिगतको अवस्थालाई स्मरण गर्दै घर नहुँदाको पीडा बुझेर सहयोग गरेको बताए । उनले भने- बिगतमा मेरो पनि घरको अवस्था त्यस्तै थियो ।

जतिबेला हावाहुण्डरी आउँथ्यो, त्यो बेला खाँवो समात्नुको विकल्प थिएन । त्यो बेला हामी पनि हावापानी आउँदा बलो समाएर बस्नुपर्थ्यो, घर नहुँदाको पीडा मलाई राम्रो थाहा छ, पोखरेलले भने- समाजमा केही गर्ने मन भएकाले समयमै गरेको हुँ । सबैको मृत्यु निश्चित छ, पैसाले बाँचिदैन, त्यसैले उमेर हुँदै सेवा गर्नुपर्ने रहेछ । घर पाउने गिरी परिवार अन्त्यन्तै दुःखले बसेको देखेर घर बनाउने सोच बनाएको थिएँ र आज हस्तान्तरण गरियो ।

समाजमा केही गर्न चाहँदाचाहँदै दीपेन्द्र पोखरेल र ज्ञानु प्रसाईको मृत्यु भयो पोखरेलले उनीहरुको सामाजिक सेवा भाव सम्झँदै भने- केही सामाजिक काम गर्न मन छ भने अहिले नै गरिहाल्नुहोस् । घर हस्तान्तरण समारोहमा बोल्दै फाउण्डेशनका संयोजक गिरीले गरीव, विपन्न, असहाय, बृद्धबृद्धा, एकल महिला र अपाङ्गता भएको परिवारका लागि १ सय घर बनाउने लक्ष्य रहेको बताए । बिर्तामोड, अर्जुनधारा र कनकाई नगर क्षेत्रभित्रमा यो कार्यक्रम अभियानका रुपमा अघि बढाइने गिरीको भनाइ छ ।

अर्जुनधारा-५का वडाअध्यक्ष ध्यानबहादुर भारतीको अध्यक्षतामा भएको कार्यक्रममा अभियानका संयोजक

(बाँकी अन्तिम पृष्ठमा)

## नेपाल बैंक बिर्तामोड आफ्नै भवनमा

**झापा, चैत १३।** बैकिङ क्षेत्रमा विश्वव्यापी रुपमा सञ्चालनमा रहेको 'ग्लोवल मनी विक' को अवसर पारेर झापाको बिर्तामोडमा रहेको नेपाल बैंक लिमिटेडले आफ्नै नवनिर्मित भवनबाट सेवा सुचारु गरेको छ ।

बिर्तामोडस्थित शनिश्चरे रोडको पुरानै स्थानमा दुई करोड ८८ लाख रुपैयाँको लागतमा निर्मित अत्याधुनिक र सुविधासम्पन्न भवनबाट बैंकले सेवा प्रारम्भ गरेको हो ।

झापाकै पहिलो बैंकका रुपमा स्थापित नेपाल बैंकले २०२४ सालबाट सेवा प्रारम्भ गरेको थियो । सो समयमा सो स्थानमा करिब ६ कट्ठा जमिन प्राप्त गरे पनि भवन जीर्ण भएका कारण केही वर्षदेखि भाडाको भवनमा बसेर नेपाल बैंकले सेवा सुचारु गरेको थियो ।

नयाँ भवन निर्माण सम्पन्नसँगै बैंकले आइतबार बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटीको प्रमुख आतिथ्य तथा बैंकका प्रदेश प्रमुख सूर्यप्रकाश भट्टको विशेष आतिथ्यमा नयाँ भवनबाट सेवा सुचारु गरेको हो ।

सो समारोहमा उद्योग वाणिज्य संघ बिर्तामोडका अध्यक्ष प्रकाश शिवाकोटी, पूर्वअध्यक्षहरु मोहन ढकाल, राजेन्द्रकुमार थापाले नेपाल वैंकले बिगतदेखि वर्तमानसम्म पुऱ्याएको सेवाको प्रशंसा गरेका थिए ।

कुनै पनि संकटको अवस्थामा अन्य वाणिज्य बैंक जस्तो उतारचढाव नआउने नेपाल बैंक भावी दिनमा सर्वसाधारण




जनताका लागि अझ लोकप्रिय भएर जान सकोस् भन्दै कार्यक्रमका वक्ताले शुभकामना दिएका थिए ।

नेपाल बैंक लिमिटेड बिर्तामोडका शाखा प्रबन्धक यामनाथ दाहालले बैंकको सेवासुविधाका विषयमा जानकारी गराउँदै बैंकमा हाल १७ हजार बचतकर्ता रहेको र २ हजार जनालाई कर्जा सुविधा उपलब्ध गराएको बताए । उनले नवनिर्मित भवन सुविधा सम्पन्न रहेको र अत्याधुनिक एसीसहितको व्यस्वथामा ग्राहकलाई सेवा प्रवाह गरिने बताए ।

झण्डै ११ हजार वर्गफिट् पार्किङको व्यवस्थासहित अपाङ्ग मैत्री भवन तयार भएकाले सबै सेवाग्राहीलाई नेपाल बैंकबाट सेवा लिन सहज हुने उनको भनाइ छ ।

वैंकले आइतवारबाट नै लकर र क्रेडिटकार्ड सेवा सुचारु गरेको शाखा प्रवन्धक दाहालले बताए । भवन उद्घाटन समारोहमा बिर्तामोडका व्यवसायीसहित इटहरी, विराटनगर, विराटचौक, दमक, सुरुङ्गा, धुलावारी, काँकरभिट्टा लगायतका बैंकका शाखा प्रमुखहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा बिर्तामोडका व्यवसायी महादेव इन्टरप्राइजेजका सञ्चालक भानु शिवाकोटी, खगेन्द्र खरेल, उद्योगी श्याम वंशल, सुनचाँदी व्यवसायी रमेश पोर्तेल लगायतका व्यवसायी सहभागी थिए ।

बैककी अफिसर अनिषा पोखरेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन वैंककी खजाञ्ची कमला चापागाँईले गरेकी थिइन् ।

## छात्रालाई साइकल उपहार



**बिनोद सापकोटा**

**झापा, चैत १३।** शिवसताक्षी-५ भेलामुनिकी सविता कार्की आइतबार अरु दिनको भन्दा निक्कै खुशी थिइन् । घरको आर्थिक अवस्थाकै कारण आफूले चढ्ने पुरानो साइकल बिग्रेर हैरान भएकी उनले नगर प्रमुखको हातबाट नयाँ साइकल पाएपछि उनको मुखमण्डल अन्य दिनको भन्दा भिन्न बनाइन् ।

घरबाट सवितालाई विद्यालय जान मात्रै झण्डै पौने घण्टा साइकलको यात्रा गर्नु पर्थ्यो । त्यो पनि बुबाले रिण गरेर किनिदिएको पुरानो साइकल दिनहुं विग्रिन्थ्यो । थोत्रो साइकलका कारण आफूले कैयौपटक पढाइ छुटाउनु परेको उनले बताइन् ।

साथीहरू साइकलमा चढेर विद्यालय जाने आउने गर्दा सविताको पुरानो साइकलले मन गह्रौं बनाउँथ्यो । उनी सोच्थिन्- 'गरीवका पनि त दिन आउलान् ।' शिवसताक्षी नगरपालिका-५का अध्यक्ष सत्यनारायण राजवंशीले दिएको साइकल थाम्दै उनले भनिन्- 'नयाँ साईकल उपहार पाएँ । अब सोमवारदेखि म पनि नयाँ साइकल चढेर विद्यालय जान्छु ।'

(बाँकी अन्तिम पृष्ठमा)

## दुर्घटनामा एक जनाको मृत्यु

**ताप्लेजुङ, चैत १२।** ताप्लेजुङको फुङ्लिङ नगरपालिका-९ गुरुङ गुम्बामा ट्याक्टर दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ भने ३ जना घाइते भएका छन् ।

मृत्यु हुनेमा फुङलिङ नगरपालिका-८का २८ बर्षीय रुपेश राई रहेका छन् । सोही स्थानको भित्री सडक खण्डमा दाउरा लिएर दक्षिणतर्फ आउँदै गरेको मे १त ७७८ नम्बरको ट्याक्टर अनियन्त्रित भइ सडकबाट १५ मिटर तल खसेर दुर्घटना भएको थियो । दुर्घटनामा परी राईको मृत्यु

(बाँकी अन्तिम पृष्ठमा)

**हाडजोर्नी तथा नशा सम्बन्धी समस्याको सफल उपचार**

**उपचार हुने समस्याहरू :-**

- प्यारालाइसिस (शरीरको एक वा दुवै भाग नचल्ने), मुख बाङ्गिएको, पक्षघात
- हाडजोर्नी तथा नशा रोग, हड्डी खिइएको
- बाथ रोग नशा च्यापिएको, डिस्क प्रोल्याप्स
- मलद्वार सम्बन्धी समस्याहरु पाइल्स, फिसर, फिस्टुला
- पेट सम्बन्धी समस्याहरु ग्याष्ट्रिक, कब्जियत, कलेजो रोग, जन्डिस
- खोकी, दम, पिनास, थाइराइड
- मृगौलाको पत्थरी, प्रोस्टेट
- महिला पुरुषका यौन समस्याहरु
- छालाको समस्याहरु, माइग्रेन, तनाव, अनिद्रा, सुगर, प्रेसर आदि ।

दैनिक BAMS, MPT डाक्टरद्वारा चेक जाँच तथा परामर्श सेवा पायल्स, फिस्टुलाको क्षारसूत्र विधिबाट उपचार गरिन्छ ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
अञ्जली हस्पिटल दक्षिण सत्सङ्ग मार्ग (बिर्तामोड)
फोन नं. ९८०६०००३१३

**अष्टाङ्ग आयुर्वेद फार्मेसी**
अवुवाखोला दक्षिण हाइवे सँगै (बिर्तामोड)
फोन नं. ०२३-५९०१६६ मो.९८४२७१६५८८

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।






यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँ ब्याट्रीबाट चल्ने मोटरसाइकल पनि पाइन्छ ।

पूर्वाञ्चल

**सम्पादकीय**

# समयको बचत र धाँधलीरहीत निर्वाचन

**नागरिक समाज एवम् सरोकारवाला संघ–संस्थाहरुले निर्वाचन आचारसंहिताको पूर्णपालना गर्ने विषयमा कसैसँग नलत्रिन निर्वाचन आयोगलाई सुझाएका छन् । निर्वाचन आयोग र नेपाल कानून समाजको सहकार्यमा भएका छलफलमा राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज र विभिन्न संघ–संस्थाका प्रतिनिधिहरुले आचारसंहिता कडाइका साथ लागू गर्न समेत सुझाव दिएका छन् । निर्वाचनलाई प्रजातन्त्रको सौन्दर्य भनिन्छ, तर विगतका निर्वाचनमा आचारसंहिताको उल्लंघन हुँदा त्यो केवल पैसा, तागत र पदको प्रभावमा निर्धारण हुने गरेको टिप्पणी भइरहेको थियो । निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र धाँधलीरहीत गराउने आयोगको लक्ष्य भनिए पनि बुथ कब्जा गर्ने, मतपत्र च्यात्ने, मतपेटिका साटेर परिणाम प्रभावित हुने गरेको सुनिएकै हो ।**

**निर्वाचनले असल प्रतिनिधि चयन गरेमात्र देशको नेतृत्व गर्ने सरकारप्रति विश्वास गर्न सकिन्छ । त्यसका लागि आयोगले पनि औपचारिकता पूरा गर्नेतर्फ मात्र लाग्नु हुँदैन । शायद आयोगले विगतका अनुभवबाट सिकेर आसन्न स्थानीय तहको निर्वाचनदेखि नै आचारसंहितामा विशेष व्यवस्था गरेको छ । अब त्यस्तो संहिता आउँदो निर्वाचनमा कार्यान्वयन भयो र अनुगमन टोलीको प्राप्तिलाई कारवाहीको दायरामा ल्याइयो भने आयोग प्रति जनविश्वास बढ्ने छ । विगतका उदाहरण र दृष्टान्तलाई आधार मानेर प्रमुख आयुक्त दिनेशकुमार थपलियाले आचारसंहिता 'हात्तीको देखाउने दाँत' मात्रै हो भन्ने बुझाइलाई चिर्न विभिन्न संयन्त्र निर्माण गरिएको बताएका छन् । यसपटकको आचारसंहिता विगतभन्दा फरक भएको भन्दै उनले त्यसका बारेमा जानकारी दिन कार्यक्रमको आयोजना गरिएको बताए ।**

**अबको आवश्यकता निर्वाचनलाई स्वतन्त्र, निष्पक्षसँगै कम खर्चिलो र झन्झटमुक्त बनाउने हो । निर्वाचनलाई अत्याधुनिक प्रविधिसँग जोडेर समयको समेत बचत गर्नुपर्छ । विद्युतीय मतदानको विगतको अभ्यासलाई विस्तार गर्न सकिए निर्वाचन सामग्री आयात र निर्माणमा लाग्ने खर्च जोगाउन सकिन्छ । त्यसले मतदानको समय पनि बचत हुने र मतगणना छिटो भई परिणाम तत्क्षण आउने हुन्छ । यसमा बदर मत समेत नहुने कारणले मत गणनामा हुने सदर र बदरको विवाद टुंगिने पक्का छ । यसो गरिए निर्वाचन लागत कम हुन्छ र निर्वाचन परिणाम पनि विश्वसनीय हुन्छ । त्यसैले निर्वाचनलाई भय, धाँधलीरहीत, निष्पक्ष, स्वतन्त्र बनाउन निर्वाचन पद्धतिमा आधुनिकीकरण अहिलेको प्रमुख शर्त हो ।**

# स्थानीय निर्वाचनका 'पोलिटिकल भेरियन्टहरू'



**पेशल आचार्य**

जति-जति स्थानीय निर्वाचन २०७९ नजिकिँदैछ उति-उति आम नागरिक, मतदाता र उम्मेदवारहरूमा पनि नयाँ -नयाँ सोचले घर गर्न थालेका कुराहरू समाचार, विचार र फिचर बनेर छापा, विद्युतीय माध्यम र अनलाइनहरूमा विविध विचारका तरङ्गहरू साथमा खेल्न थालिसकेका छन् ।

काठमाडौं महानगरपालिका बजेट र जनशक्तिले देशकै सबैभन्दा शक्तिशाली महानगर मानिन्छ । सो महानगरका मेयर विद्यासुन्दर शाक्यले केही अघि एउटा कार्यक्रममा उत्साहपूर्वक भनेका थिए- 'सम्पदा पुनर्निमाणका सबालमा हामीसँग धेरै बजेट, समय र सोच छ । हामी निरन्तर काम गरिरहेका छौं ।'

उनले यसो भनेको केही दिनमै राजधानीको मुटु मानिने बसन्तपुरमा महानगरपालिकाले निर्माण गरिरहेको कंक्रिटको निर्माण कार्यलाई सोही महानगर कै उपमेयर हरिप्रिया खड्कीको नेतृत्वमा सम्पदा संरक्षणवादीहरूको एउटा समूहले काटेर आफलिदिएको छ । यी दुबै घटना समाचारमा आए जसले आउँदो स्थानीय चुनावको मुद्दा देखाउने काम गऱ्यो । सवाल शाक्य र खड्गीको ठीक को बेठीक भन्ने होइन । सवाल हाम्रो महानगर कस्तो बनाउने भन्ने हो ।

नेकपा समाजवादीका अध्यक्ष माधव नेपालले औपचारिक कार्यक्रममा भनेछन्- 'म उपप्रधानमन्त्री हुँदा एक सय रूपैयाँको वृद्ध भत्ता ल्याउने राजनेता मै हूँ ।' यी हाँचका नेताले आफूले आफैंलाई माझै मुखले 'राजनेता' भन्नु कत्ति सुहाउने कुरा हो ? अझ इतिहासमा दरिएको कुरालाई लिएर हाकाहाकी जनतालाई कसरी ढाँट्न सक्या भन्या ?

उता प्रतिपक्षी दलका नेता तथा एमाले अध्यक्ष केपी ओली दिनहूँ केही न केही राजनीतिक फन्डाहरू अज्माइरहेका हुन्छन् । केही दिनअघि व्यासाशनमा बसेर भनिने पुराणवाचन शैलीमा ओली भन्दै थिए- 'रामका बाबुको नाम नेकी हो । उनले दश वटा रथ बनाएकैले उनी दशरथ भएका हुन् । उनी त्रेतायुगमा ठोरीका राजा थिए ।'

हल्का संभाषण गरेर अब चुनावमा घिउ लाग्ला भनी कसरी सोच्न सकेका होलान् हाम्रा राष्ट्रिय पार्टीका सम्मानित नेताहरूले ? ठूलो पार्टीका मुखिया भएपछि जे बोले पनि हुने भन्ने महारोग नेपाली राजनीतिमा झन्झन् गहिरिएर जाँदो छ । यही कारणले जनताले दुःख पाउने हुन् ।

आसन्न स्थानीय चुनावको मुखमा आएर पाँच वर्ष आ-आफूले गरेको विकास निर्माणको निर्मम समीक्षा गर्नुपऱ्यो । नागरिकहरूलाई अघि दिइएका सुविधाभन्दा अझ बढी सुविधा कसरी दिन सकिन्छ सोबारे वाचाकबुल गर्नुपऱ्यो । नीति, कार्यक्रम र घोषणापत्रमा कंक्रिट कुरा राखेर स्थानीय स्तरका चौतर्फी उत्पादन वृद्धि हुने कुरा सुझाउनु पऱ्यो । शिक्षा, प्रविधि, स्वास्थ्य, खानपान, जीवनशैली र प्रविधिगत सीप हस्तान्तरणका कुरा हरेक स्थानीय तहका मतदाताको सूक्ष्म अपेक्षामा हुन्छन् । तिनलाई सरल तरिकाले जनताको जीवन शैलीसँग जोड्नु पऱ्यो तबमात्र नेता भएर जनताको मनमा बस्न पाइन्छ । हरेक चुनावका मतदाताहरू नेताभन्दा एक कदम अघि नै हुन्छन् ।

यतिखेरको नेपालमा कुन चाहिँ त्यस्तो 'वाद' क्रियाशील छ जसले गाउँ जाँदा भरिएर गएको ट्रक शहर फर्किंदा गाउँकै उत्पादनले फेरि भरि पारेर फर्काउन सक्छ ? तब पो विकास । बेकारका फाल्तु कुरा झिकी नागरिकलाई इमोसनल ब्ल्याकमेलिङ् गरेर हरेक पाँच/पाँच वर्षमा एकदिन हात काटेर भोट लिएपछि सटकदम् हुने नेताहरू अबका कुनै चुनावमा पनि गाउँ आएको देख्दा हरेक मतदाताहरूलाई एलर्जी हुन्छ ।



पाँच वर्षसम्म पहाडका गाउँपालिका या नगरपालिकाहरूले स्थानीय उत्पादन वृद्धि, कृषि सडक पूर्वाधार या नागरिकको शिक्षा, स्वास्थ्य र सीप विकासमा भन्दा भ्यू-टावरहरूमा पैसो खर्चिए । आखिर भोको पेट र रित्तो आङ्ले भ्यू-टावर चढेर चारै दिशामा हेर्ने चाहिँ को होलान्- रोग, भोक र शोक ? यसको ठेट जवाफ अपवाद वाहेक कतैबाट आउला जस्तो लाग्दैन । चुनावमा यस्ता प्रश्नहरू उम्मेदवारहरूलाई तत्तत् क्षेत्रमा फलामका च्यूरा सावित हुने छन् ।

'बिजुलीको देशमा पेट्रोल र डिजेलका आँशुले रून्छन् नेपाली जनता ।' ओली बाका पालामा चलाउने भनेको मोनो रेल र मेट्रो रेलका कुरा दन्त्य कथाका सन्दर्भहरू भए । तर, काठमाडौं महानगरपालिका जस्तो साधन, स्रोत र सोचको धनी महानगरपालिकाले उसको नेतृत्वमा भ्यालीभित्र मात्रै भए पनि बिजुलीका सवारीसाधनबारे पाँच वर्षभित्र व्यापक पूर्वाधारहरू खडा गरेको भए यतिखेर विद्यासुन्दर शाक्यले माथि भनेका कुरालाई जनताले सर्लक्कै पत्याउने थिए । समय बितिसकेपछि अलापेको रागले केही काम गर्दैन । शाक्यजी लगभग 'जोकर' सावित भएका छन् ।

यो देशमा बिजुलीबाट भान्सा चलाउन सकिन्छ । सानाठूला मोटरहरू चलाउन सकिन्छ । कृषि कार्य गर्न सकिन्छ । उद्योगधन्दा मज्जाले अघि सञ्चालन गर्न सकिन्छ । तर चाहियो स्थानीय सरकार र केन्द्रीय सरकारका दीर्घकालीन सोच तथा कार्यक्रमहरू । जनताले देख्ने गरी दिन सक्नुपऱ्यो अनि मात्र जनताले पत्याउँछन् ।

छिमेकी भारतको दिल्ली राज्यका मुख्यमन्त्री अरविन्द केजरीवालले गरेका एक-दुई विकासका कार्य मध्ये एक-दुई मात्र हाम्रा स्थानीय सरकारको नेतृत्व गर्नेहरूले सिक्न जरूरी ठानेनन् । शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली र यातायातका सवालमा दिल्लीपाठ नेपालीलाई ठूलो शिक्षा हुनेछ । यी कार्य गर्छौं भन्दै सन्निकट स्थानीय चुनावमा युवा नेतृत्वले जबर्जस्त हाम्रा मान्छेका ठाउँमा राम्रा मान्छेको चयन गर्नु वाञ्छनीय भइसक्यो ।

यो कुरा मेचीकाली, तराई र हिमालका युवाहरूले बुझेका छन् । पोखरामा केही हप्ता अघिदेखि लेखक तथा युवा अभियन्ता गनेस पौडेलले 'अटेरी गनेस' अभियान चलाएर २०७९ बैशाख ३० गते हुने स्थानीय चुनावमा आफ्नो उम्मेदवारी ऐलान गरिसके । यस्तै माहौल सात सय ५३ वटै स्थानीय तहमा हुन सकेमा पुरातन विचार बोकेका पार्टीहरू बाध्य भएर सच्चिन तयार हुनेथे । यसको अगुवाइ अब पढे/लेखेका र विकासप्रेमी युवाहरूले गर्नुपर्ने देखिन्छ ।

यतिखेर नतिजा आएका 'टप टेन' नगरपालिका र गाउँपालिकाको भ्रमण गरेरै पनि थाह पाउन सकिन्छ । रुपन्देहीको तिलोत्तमा नगरपालिका देशैभरिको नम्बर वान् नगरपालिका र सो नगरका मेयर उत्कृष्ट मेयर भएका छन् । युवा नेपाली मतदाताहरू 'नेपाली केजरीवाल र 'आप'को प्रतिक्षामा रहेका छन् ।' यो कुरा टिकट वितवरणका बेला पार्टीहरूका कानमा पुऱ्याउनुपर्छ ।

हामी छिमेकी पराश्रित भएका छौं । दिनहूँ हाम्रो पराश्रित ग्राफ बढ्दो छ । अनि उसले हाम्रो असक्षमताको भरपूर फाइदा उठाउँदो छ । 'भारत सार्क राष्ट्रलाई इण्डियन युनियन (युरोपियन युनियन जस्तै) बनाउन चाहन्थ्यो । बीचमा पाकिस्तान भएको हुँदा उसको योजना सफल नभएपछि आज 'सार्क' भूमिकाविहीन बनाउने गोप्य रणनीतिमा ऊ सफल हुँदैछ । भारत आज सार्कको विकल्पमा इन्डो प्यासिफिक रिजन बनाउन अमेरिकी डिजाइन अनुसार हिँड्दैछ ।' -उच्च राजनीतिक वृत्तमा यसरी पनि एमसीसी पछिका घटनालाई लिएर विश्लेषण गरिँदैछ । हामी भूमिकाविहीन भएर मगन्ते बनेको फाइदा शक्तिशालीहरू उठाइरहेका छन् । यो कुरा युवा वर्गलाई फिटिक्कै मन परेको छैन । बूढो पुस्ता यस्ता कुरा बुझेर समेत बुझ पचाइरहेको छ । मुख्य कुरा स्थानीय सरकारले जनतालाई उनीहरूको सीप, क्षमता र योग्यताका आभारमा विविध काम र माम दिन सक्नुपऱ्यो । भोको पेटले वीपीवाद होस् कि मदन भण्डारीवाद होस् या माओवाद केही दीगो गरी पढ्न सकिँदैन ।

'ग्रीन हाउसमा फट्याङ्ग्रा पालेर मालामाल प्रोटिन, खनिज, औषधि र मिठो परिकार बनाउन सकिन्छ' भन्ने प्रमाण चिनले देखाएको छ । फट्याङ्ग्राबाट दीर्घकालीन आय हुन्छ । ४०/५० दिनमा प्रतिफल दिन्छ । एक हेक्टर जमिनमा ग्रीनहाउस बनाएर फट्याङ्ग्रा पालेर पालेका चिनियाँ किसानको वार्षिक आय १.४ लाख (आरएम्बी) रहेको छ । हामी जाँगर नभएरै त होला, पैसा फल्ने रूखको खोजीमा भौंतारिँदै छौं ।

हाम्रोमा सांस्कृतिक रुपले पनि फट्याङ्ग्राको खेती नहोला तर माहुरीपालन, चराचुरुङ्गी पालन, माछापालन जस्ता कार्य हुन सक्छन् । सबाल कामको हो । सिपको हो । उत्पादनको हो । यहाँ हजारौं वर्षदेखि थारो बसेका जल, जङ्गल र जमिनलाई हामीले रोजगारी दिनै सकेका छैनौं । कुन गाउँ-ठाउँमा के उत्पादन हुन्छ त्यो कुरा उत्पादन गर्न कसैलाई सोधिरहनु पर्छ र भन्या ? गरे फल प्राप्त हुन्छ, नगरेरै मात्र नभएको हो ।

गरिबीको दीगो समाधान खाजा र खानाबाट होइन, गुणस्तरीय रोजगार र उद्यमशीलताबाट मात्र सम्भव छ । यो कुरा अब स्थानीय तहको निर्वाचनबाट चुनिएर आउने नयाँ जनप्रतिनिधिहरूले अहिले पाँच वर्षभित्र केही न केही पूर्वाधार बनेका गाउँ/नगर/उपमहानगर र महा नगरपालिकाहरूमा उत्पादन वृद्धिका काम र सीप सिकाउने काम थालेर कूल गार्हस्थ उत्पादन वृद्धि गरी एकातिर आयात प्रतिस्थापन गर्नुपर्ने अहम् सबाल हाम्रासामु अघि देखिएको छ । अर्कोतर्फ गाउँ गएको भरि ट्रक फर्कंदा फेरि कुनै न कुनै उत्पादनले भरि भएरै फर्कन सक्यो भने मात्र नेपाली परिवेशमा कल्पना गरिएको संघीयता फल्ने, फुल्ने र झ्याँङ्गिने छ नत्र भने देशले केही वर्ष लिखिरलिखिर गर्दै थेग्न त थेग्ला तर बीचमा पुगेर क्र्याक नहोला भन्न सकिन्नँ ।

सचेत नागरिक र मतादाताहरूलाई थाह भएको यी र यस्ता कुरा अब नेतृत्व गर्ने हौं भन्नेले भलिभाँती बुझ्नु पऱ्यो । यसैमा सबैको कल्याण निहीत छ । *इमेजखबर*

## तमु जिल्ला अध्यक्षमा रामकुमार




**बिर्तामोड, चैत १३।** तमु प्ये ल्हु संघ झापाको प्रथम अधिवेशनले रामकुमार ल्हेंगे तमुको अध्यक्षतामा १७ सदस्यीय जिल्ला कार्य समिति चयन गरेको छ ।

समितिको प्रथम उपाध्यक्षमा श्याम क्रोम्छै तमु, द्वितीय उपाध्यक्षमा शान्ता क्रोम्छै तमु, सचिवमा रञ्जित क्रोम्छै तमु, सह-सचिवमा सविना ल्हेंगे तमु कोषाध्यक्षमा नरकुमार प्हच्यु तमु, सह-कोषाध्यक्षमा इन्द्र भुच्चा तमु चयन भएका छन् ।

त्यस्तै सदस्यमा वीरबहादुर ल्हेंगे तमु, निर्मला ल्हेगेस्यो तमु, सुजता प्हच्यु तमु, अम्वर ल्हेंगे तमु, उत्तम क्रोम्छै तमु, दीपक ल्हेगे तमु, शिरोमणि ल्हेगे तमु, पवित्रा क्रोम्छै तमु, श्रीलाल प्हच्यु तमु र हेम भुच्चा तमु चयन भएको जनाइएको छ ।

गुरुङ जातीको मौलिक धर्म, संस्कार, संस्कृतिको संरक्षण र जातीय भाषा, भेषभुषा, इतिहास, पहिचान र अस्तित्व बचाउने उद्देश्यले संघको गठन गरेको हो । बिर्तामोडमा भएको झापा जिल्लास्तरीय प्रथम अधिवेशनले आगामी कार्यकालको लागि समिति चयन गरेको हो ।

झापा जिल्ला अध्यक्ष रामकुमार गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संघका केन्द्रीय अध्यक्ष हितकाजी तमु गुरुङको प्रमुख आतिथ्य रहेको थियो । संघका झापा उपाध्यक्ष श्याम गुरुङले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि गुरुङ, संघका ताप्लेजुङ अध्यक्ष युवराज लेगे गुरुङ, केन्द्रीय सल्लाहकार टेकबहादुर लम तमु लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्य, चितवन, ताप्लेजुङ लगायतका स्थानका तमुहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा सांगीतिक कार्यक्रम समेत प्रस्तुत गरिएको थियो । कार्यक्रमको सञ्चालन संघका झापा सचिव रञ्जित क्रोमदे गुरुङले गरेका थिए । झापामा पाँच सयभन्दा बढी घरधुरी तमुहरु रहेको झापा सचिव रञ्जितले जानकारी दिए ।

## कानेपोखरीमा उपाध्यक्ष भलिबल प्रतियोगिता

**पथरीशनिश्चरे, चैत १३।** मोरङको कानेपोखरी गाउँपालिकामा अन्तर वडास्तरीय प्रथम उपाध्यक्ष भलिबल प्रतियोगिता-२०७८ हुने भएको छ ।

कानेपोखरी खेलकुद परिषद्को आयोजना र कानेपोखरी गाउँपालिकाले मुख्य सहयोग गरेको प्रतियोगिता चैत १६ गते बुधबारदेखि १९ गते शनिबारसम्म सञ्चालन हुने आयोजक समितिले पत्रकार सम्मेलन गरि जानकारी दिएको हो ।

गाउँपालिकाभित्रका सात वटा वडाहरूले सहभागिता जनाउने प्रतियोगिताको विजेताले ५० हजार र उपविजेताले ३० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने कानेपोखरी खेलकुद परिषद्का अध्यक्ष चरण गुरुङले बताएका छन् ।

खेल अवधिभरिबाट अन्तिममा विधागत पुरस्कार तर्फको बेस्ट स्पाइकर, बेस्ट डिफेन्स, बेस्ट ब्लकर, बेस्ट लिफ्टर र उत्कृष्ट खेलाडीलाई जनही तीन हजार रुपैयाँ प्रदान गरिने गुरुङले जानकारी दिएका हुन् । खेललाई सञ्चालन गर्न पालिकाको तर्फबाट विभिन्न खर्चको शिर्षकलाई विभाजन गरी तीन लाख १९ हजार नौ सय ४० रुपैयाँ छुट्याइएको आयोजक समितिका सचिव एविन पाठकले बताएका छन् ।

सोही क्रममा पालिका उपाध्यक्ष राजमती इङ्नाम, धर्म धिमाल, कुमार बिष्ट, संकर धिमाल, जितेन्द्र धिमाल, उद्धव पौडेल लगायतले राष्ट्रिय टिमबाट परिचय दिइसकेको बताए । प्रतियोगिताको उद्घाटन र समापन उपाध्यक्ष राजमती इङ्नामद्वारा गरिने पनि आयोजक समितिले बताएको छ । खेल कानेपोखरी-६ रमाइलोस्थित जनसेवाको माविको खेल मैदानमा हुनेछ ।

## बुद्धशान्ति उद्योग वाणिज्य संघको दोस्रो सभा

**बुधबारे, चैत १३।** बुद्धशान्ति उद्योग वाणिज्य संघको दोस्रो साधारणसभा सम्पन्न भएको छ ।

संघका अध्यक्ष चन्द्रप्रसाद उप्रेतीको अध्यक्षता र बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष रमेशकुमार भुजेलको प्रमुख आतिथ्यमा सम्पन्न सो साधारण समालाई उद्योग उपाध्यक्ष दीपक सापकोटाले स्वागत गरेका थिए ।

झापा उद्योग वाणिज्य संघ शाखा बुधबारेको नामले २०५० सालदेखि स्थानीय उद्योगी, व्यापार-व्यवसायीहरूको अभिभावक संस्थाको रुपमा रहेको उक्त संघ राज्यको पुनः संरचनापछि स्वायत्त अधिकारसहितको बुद्धशान्ति उद्योग वाणिज्य संघमा रुपान्तरण भएको हो ।

संघले यस दोस्रो वार्षिक साधारण सभाको सन्दर्भमा दुईजना दीर्घ व्यवसायी गोमा उप्रेती र मालती पण्डितलाई सम्मान पत्र र दोसल्ला ओडाएर सम्मान गरियो भने अन्य दुई व्यवसायी भुवन कार्की र बसन्त तामाङलाई प्रशंसा पत्रले प्रोत्साहन गरिएको थियो ।

संघका कोषाध्यक्ष हरिप्रसाद पौड्यालद्वारा सम्मान तथा प्रशंसापत्र वाचन गरिएको सो कार्यक्रममा प्रमुख अतिथि भुजेल, विशिष्ट अतिथिहरू गाउँपालिका उपाध्यक्ष मिरा भुर्तेल, आन्तरिक राजश्व कार्यालयका प्रमुख शुभप्रसाद रिजाल, अतिथिहरू वडा नं. ७ का अध्यक्ष मातृकाप्रसाद पौड्याल, साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष लयप्रसाद भण्डारी, राजनीतिक पार्टीका तर्फबाट नेकपा एमालेका गाउँसमिति अध्यक्ष नेत्रप्रसाद रिजाल, सम्पूर्ण संघसस्थाका तर्फबाट महिला सामुदायिक स्वास्थ्य केन्द्रकी अध्यक्ष विष्णु मैनाली उप्रेतीले शुभकामना मन्तव्य राखेका थिए ।

बुद्धशान्ति उद्योग वाणिज्य संघको अपरिहार्यता र यसले गरेका कार्यहरूको चर्चा गरेका थिए भने व्यवसायी खेमराज भट्टराईले व्यापारी व्यवसायीहरूको तर्फबाट गुनासो राखेका थिए । झापा उद्योग वाणिज्य संघका संस्थापक अध्यक्ष बेणुप्रसाद संग्रौला, पूर्वअध्यक्ष गोविन्द पौडेल, राष्ट्रिय प्रजातन्त्र पार्टीका गाउँ अध्यक्ष नारायण नेउपाने लगायतको आतिथ्य रहेको थियो ।

सो संघको बन्दसत्रमा भावी कार्ययोजना अन्तर्गत भवनमा थप तला निर्माण, व्यवसायी बिमा, अक्षयकोषको स्थापना, बुधबारे बजारको फोहरमैला दिगो व्यवस्थापन लगायतका विषयहरु पास गरिए भने विधान संशोधन समितिका संयोजक तथा निवर्तमान अध्यक्ष रुद्र चापागाईंद्वारा संशोधित बुँदाहरू प्रस्तुत गरेका थिए । शरद आचार्य र राजु उप्रेतीको माइन्युट लेखन रहेको उक्त साधारण सभाको सञ्चालन महासचिव लक्ष्मी उप्रेती र उद्योग सचिव दुर्गा कुइँकेलले गरेका थिए ।

